

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं १२ गते आइतबार ❑ 28 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## एकीकृत समाजवादीका उम्मेदवार सिफारिस

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**

नेकपा (एकीकृत समाजवादी)ले कास्कीका प्रतिनिधिसभाका तीन र प्रदेशसभाका छ वटै निर्वाचन क्षेत्रबाट आगामी निर्वाचनका लागि उम्मेदवार सिफारिस गरेको छ । नेकपा(एस)का तीन वटै सङ्घीय/प्रदेश निर्वाचन समन्वय कमिटीको शनिबारको बैठकले आगामी मंसिर ४ गतेको निर्वाचनका लागि प्रतिनिधिसभा, प्रदेशसभा र समानुपातिक उम्मेदवार जिल्ला कमिटीमा सिफारिस गरेर पठाएका हुन् ।

कास्कीको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा पार्टीका पोलिटब्युरो सदस्य श्रीनाथ बराल सर्वसम्मत उम्मेदवार सिफारिस हुनुभएको छ । यस क्षेत्रबाट समानुपातिकमा गजकुमारी गुरुङ, दिलकुमारी पन्त र जैनव खातुन सिफारिस हुनुभयो । यसैगरी प्रदेशसभा निर्वाचन क्षेत्र नं १(१) मा मदन केसी, दिननाथ ढकाल, माधव तिवारी र कपिल पौडेल सिफारिस हुनुभएको छ । समानुपातिकतर्फ शारदाप्रसाद सुवेदी, विजयबाबु वनवासी र सुमित्रा अधिकारी सिफारिसमा पर्नुभएको छ ।

यसैगरी प्रदेशसभा १(२) तर्फ प्रत्यक्षमा पूर्ण लामा सर्वसम्मत सिफारिस हुनुभएको छ । समानुपातिकतर्फ गजकुमारी गुरुङ, डिकबहादुर राई (डिवी), डिलाराम लामिछाने, तिलबहादुर विक (तिलक) र चन्द्रकिशोर गौतमलाई सिफारिस गरिएको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ मा तुलबहादुर गुरूङ, भरत बस्नेत, शिवजी गुरुङ, मदन आचार्य, दाता राम आचार्य र शर्मिला पौडेल सिफारिस हुनुभएको पार्टीका जिल्ला उपसचिव पूर्ण लामाले जानकारी दिनुभयो । प्रदेशसभा २(१) मा झपिन्द्रराज रेग्मी, प्रेम थापा, खेमराज आचार्य, दानकुमारी शर्मा, सीता पौडेल, मोतीराम बराल, खड्ग हमाल, शिवराज आचार्य, लेखराज भण्डारी र रामचन्द्र पौडेल तथा प्रदेशसभा २(२) मा रत्ना गुरुङ, मदनकाजी श्रेष्ठ, कृष्ण पराजुली (ढाका मोहन), सुशील बस्नेत, देवेन्द्र बास्तोला, दामोदर शर्मा, बुद्धिबहादुर रानाभाट र रवीन्द्रराज पौडेल सिफारिस हुनुभएको सो पार्टीले जनाएको छ । यसैगरी प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं ३ मा कृष्ण नेपाली, प्रेमप्रसाद पौडेल, नवराज पहारी र मेनका आचार्य सिफारिस हुनुभएको छ । प्रदेशसभा ३ (१)मा प्रत्यक्षतर्फ दलबहादुर गुरुङ, हिमलाल तिमिल्सिना, गोपाल गिरी, विवेक भुजेल, बाबुराम भण्डारी, कृष्णप्रसाद अधिकारी, असिम गुरुङ, करुणा पराजुली, भीमाकुमारी पौडेल र अनिता दमै (रोशनी) जिल्ला कमिटीमा सिफारिस हुनुभएको छ ।

यसैगरी प्रदेशसभा ३(२) मा होमबहादुर नेपाली, हेमकुमार श्रेष्ठ, जगन्नाथ अधिकारी, अर्जुनबहादुर केसी, भुवनेश्वर सुवेदी, देवेन्द्रराज सुवेदी, सङ्गीता केसी, केदारनाथ न्यौपाने, तुलसीप्रसाद बराल र सुरेश जिसी उम्मेदवार सिफारिस हुनुभएको छ ।

क्षेत्रीय निर्वाचन कमिटीबाट सिफारिस भएर आएका नामलाई जिल्ला कमिटीले थप छलफल गरेर प्रत्येक निर्वाचन क्षेत्रमा चार जनाका दरले प्रदेश कमिटीसमक्ष सिफारिस गर्ने र प्रदेशले रायसहित केन्द्रमा सिफारिस गर्ने जिल्ला उपसचिव लामाले जानकारी दिनुभयो ।

## कास्कीमा 'जनताको साथमा काँग्रेस' अभियान शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**




नेपाली काँग्रेस कास्कीले 'जनताको साथमा काँग्रेस' अभियान शुभारम्भ गरेको छ ।

अभियान कास्कीका ७२ वटै इकाईसम्म पुऱ्याइने छ । अभियानका क्रममा नेताहरुले जनतासँग प्रत्यक्ष भेटी उहाँहरुको चाहना, विकासको आवश्यकता र पार्टी सदुढीकरणका लागि आवश्यक सुझाव संकलन गर्नु हुनेछ । 'अभियान अत्यन्तै प्रभावकारी ढंगबाट अगाडि बढाइने छ कास्की काँग्रेसका सभापति किशोरदत्त बरालले भन्नुभयो, अभियानले काँग्रेस बास्तवमै जनताको सुख, दुःखको साथी भएको अनुभूति गराउनेछ।'

कास्की काँग्रेसले आयोजना गरेको एक कार्यक्रमबीच नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवं पार्टीका केन्द्रीय प्रतिनिधि प्रदीप पौडेलले अभियान शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा उहाँले काँग्रेस कहिल्यै पनि जनताबाट टाढा रहन नसक्ने बताउनुभयो । उहाँले जनताको चाहना, भावना र आवश्यकता सम्बोधन गर्न सक्ने पार्टी काँग्रेस मात्र रहेको बताउनुभयो । त्यस अवसरमा पार्टीका पूर्व महामन्त्री तारानाथ रानाभाट, नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, प्रदेश महामन्त्री किरणबाबु श्रेष्ठ, मन्त्री विन्दु कुमार थापा, कास्की काँग्रेसका निवर्तमान सभापति कृष्ण बहादुर केसी, महिला नेतृ सकुन्तला गुरुङले बोल्नुभएको छ । नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपसभापति युवराज कुँवरको स्वागत र सचिव देवेन्द्र भाटले संचालन गर्नुभएको थियो ।

## पोखरा विमानस्थलका संरचनाको अधिकतम सदुपयोग गरौँ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पोखरामा हाल सञ्चालनमा रहेको आन्तरिक विमानस्थलका संरचना र भूभागको अधिकतम सदुपयोग गर्न आग्रह गर्नुभएको छ ।

पोखराको विकास सन्दर्भमा शनिबार एक प्रेस नोट जारी गर्दै उहाँले विमानस्थल भूमाफियाको कब्जामा जानबाट रोक्न र रङ्गीचङ्गी फूल, वनस्पति तथा हरियालीसहितको 'बोटानिकल गार्डेन' बनाउने कार्यमा अग्रसरता लिन पोखरा महानगरसँग आग्रह गर्नुभयो । निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि अहिलेको विमानस्थलको संरचना र जमिनमा व्यापारिक कम्प्लेक्स बनाउने तथा जमिन भाडामा लगाउने चर्चाकाबीच नेता पौडेलले यस्तो आग्रह गर्नुभएको हो ।

"हिमाल, तालतलैया, रमणीय प्रकृति, संस्कृति र जनजीवनले स्वर्गको टुक्राझैँ अनुभूत हुने पोखरामा बन्ने सुन्दर बोटानिकल गार्डेनले त्यहाँ पुग्ने पर्यटक घुम्ने थप गन्तव्य मात्र हुने छैन, यसले बढ्दो घना सहरीकरणसँगै खुला ठाउँको अभावको पूर्ति गर्नेछ, यसप्रकार जमिनको सदुपयोग, संरक्षण र प्रभावकारिता बढ्नेछ भने पर्यटकको बसाई लम्बाउन मद्दत गर्नेछ", नेता पौडेलले जारी गर्नुभएको प्रेस नोटमा उल्लेख छ । पोखरा विमानस्थलको जमिनको उच्चतम सदुपयोगका लागि यससँग सम्बद्ध सरकारी निकाय, गैरसरकारी निकाय, पर्यटन व्यवसायी, राजनीतिक दल, नागरिक समाज र सर्वसाधारणा सरोकारवाला सबैमा सर्वपक्षीय छलफलका लागि उहाँले आह्वानसमेत गर्नुभएको छ । विश्वकै एक पर्यटकीय केन्द्रको पहिचान बनाएको र नेपालको पनि उत्तिकै महत्वको गन्तव्य पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनेर सञ्चालनमा आउन लागिसकेको खबरले आफूमा खुसी र उत्साह जगाएको नेता पौडेलले बताउनुभयो । विमानस्थललेपोखराकोपर्यटकीय पहिचान र पर्यटक आगमनको दायरालाई अझै फराकिलो बनाउनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

## जरोटुप्पोमा १५७ औं मोतीजयन्ती

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**



जरोटुप्पो संरक्षण साहित्य समाज नेपालले विविध कार्यक्रमका साथ शनिवार बिहान १५७ औं जन्मजयन्ती मनाएको छ ।

स्थापनाकालदेखि विविध कार्यक्रमका साथ मोती जयन्ती मनाउँदै आएकोमा संस्थाले रचनावाचन तथा मोतीराम भट्टको योगदानविषयमापरिचर्चाकार्यक्रम आयोजना गरेको हो । समारोहमा अग्रजपत्रकारउदयबहादुरअमात्य, अग्रज कलाकार यादवचन्द्र भुर्तेल, साहित्यकार डा. जगन्नाथ रेग्मी, समाजसेवी संगीत गौतम तिम्सिनालगायतले मोतीराम भट्टका विविध आयामबारे चर्चा गरेका थिए । गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले नेपाली वाङ्मयका क्षेत्रमा जरोटुप्पो संरक्षण साहित्य समाज नेपाल पृथक आयामका साथ अगाडि बढ्नु नेपाली साहित्यको श्रीवृद्धिका लागि स्तुत्य कार्य र नयाँ आयाम भएको बताए । वडा नं. ३ का जनप्रतिनिधि सनकमान सिके, पत्रकार गणेशबज्र लामा, पद्मराज उदासी, असफल गौतम, गुरुङ फिल्मका महानायक ताराबहादुर गुरुङ, शुक्ला साहित्य प्रतिष्ठानका निवर्तमान अध्यक्ष सुमनराज पौडेललगायत विविध क्षेत्रका वक्ताले मोतीरामका विविध आयाम बारेमा चर्चा गरे ।

कार्यक्रममा टेकनाथ पीडित, लक्ष्मी देवकोटा, विष्णु बास्तोला, अम्बिका भण्डारीलगायतले रचनावाचन गरेका थिए । संस्थाका महासचिव मदन भण्डारीले साहित्यको जरोटुप्पो जोगाउने जिम्मेवारी हामी सबैको भएकाले एक भएर अगाडि बढ्न आह्वान गर्दै सम्पूर्णमा आभार व्यक्त गरेका थिए ।

## जेष्ठ नागरिक सरोकार समाजको मानव सेवा आश्रम हेमजालाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**



जेष्ठ नागरिक सरोकार समाज नेपाल कास्की शान्ति आश्रमद्धारा शनिबार मानव सेवा आश्रम हेमजामा खाद्यान्न तथा नगद सहयोग गरेको छ ।

समाजद्धारा सञ्चालित चुडामणि वसन्धरा हरिप्रसाद किरण ओझा स्मृति सम्मानबाट प्राप्त रकम २० हजार रुपैया मुल्य बरावरको खाद्यान्न सामाग्री र कार्यक्रमका सहभागिहरुले संकलन गरेको नगद २० हजार २५० वितरण गरिएको हो । समाजका संस्थापक अध्यक्ष स्व हरिप्रसाद किरण ओझाको नाममा उहाँ परिवारजनबाट दुई लाख दुई हजार १०१ को अक्षयकोष स्थापना गरि त्यसको व्याजबाट प्रत्येक बर्ष विभिन्न सामाजिक संघसंस्थालाई सम्मान गर्दै आएको छ । कुसे औसि (बाबुको मुख हेर्ने ) दिवसका अवसरमा हेमजा आश्रममा आयोजित कार्यक्रममा जेष्ठनागरिक सरोकार समाजका अध्यक्ष भक्तराज श्रेष्ठले मानव सेवा आश्रम कास्कीका प्रमुख सदिस पुनलाई खाद्यान्न सामाग्री र नगद हस्तान्तरण गर्नुभयो । आकाशलाई छानो र सडकलाई घर बनाउँदै कष्टकर जीवन विनाउन वाध्य सडक मानवको खाना,नाना र छानाको व्यवस्थापन गरेर आश्रमले पुण्य कार्य गरेको बताउँदै अध्यक्ष श्रेष्ठले यस्ता कार्यमा सवैको साथ र सहयोग हुनु पर्ने आवश्यकता औल्याउनुभयो ।

आश्रमका जिल्ला प्रमुख सदिस पुनका अनुसार पोखरा १७ छोरेपाटन र हेमजामा १६० जना समाजका असहाय, अनाथ र सडक मानव र १६ जना सेवक सेविका आवद्ध रहेको जानकारी दिनुभयो । पोखरा २५ हेमजा वाविियातरास्थित ६३ रोपनी क्षेत्रफलको जग्गामा एक अर्वको गुरुयोजना अनुसार आवास भवन सहितका बिभिन्न भौतिक संरचना निर्माण भई रहेको बताउँदै उहाँले आमा बुवालाई खाना भन्दा पनि औषधि उपचारमा बढी खर्च हुने गरेको बताउनुभयो ।

कार्यक्रममा अक्षयकोषदाता सूर्यप्रसाद ओझा र शोभा गैरे, संमाजका उपाध्यक्ष केशवप्रसाद ढकाल, सचिव इच्छा बहादुर वाग्ले, कोषाध्यक्ष रामजि कोइराला, पत्रकार हरिप्रसाद बास्तोला लगायतले सामाजिक एवम् मानविय सेवामा समर्पित आश्रमको सहयोग गर्दा पुण्य प्राप्ति हुने विश्वास व्यक्त गर्नुभयो । सार्वजनिक सवारी चालकले छात्रुलाई ठग्ने होईन सेवामा समर्पित हुन्छन् भन्ने एक जना चालकले आज यहाँ उदाहरण दिएका छन् । चापाकोट गाउँपालिका ३ का माइक्रो वसका चालक एमन सारुले आफ्ना स्वर्गीय बुवा मनबहादुर सारुको स्मृतिमा हेमजास्थित मानव सेवा आश्रमलाई एक हजार ५०५ रुपैया नगद सहयोग गरेर उनी सवैका लागि उदाहरणीय बनेका हुन ।

आश्रमको सहयोगको लागि खाद्यान्न सामाग्री सहित जेष्ठनागरिक सरोकार समाजको टिमलाई लिएर हेमजा पुगेका काठमाण्डौ पोखरा माईक्रोवसका चालक सारुले भने सधै सडकमा देखिने अनुहार आश्रममा आश्रित भएको देख्दा खुशी लाग्यो र बाबाको सम्झनामा सानो सहयोग गर्न मन लाग्यो । सो अवसरमा कार्यक्रममा सहभागि बन्न पोखराबाट हेमजा पुगेका सहयोगी मनबाट २० हजार २५० संकलन भएको थियो । संकलित रकम आश्रमका जिल्ला प्रमुख सदिस पुनलाई हस्तान्तरण गरिएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शान्तिदीप स्कुलमा पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**




पोखरा महानगरपालिका वडा न. १४ स्थित शान्तिदीप स्कुलको स्टुडेन्ट अफ दि मन्थ अफ साउन २०७९ घोषणा तथा पुरस्कार वितरण कार्यक्रम शुक्रवार सम्पन्न भयो।

कार्यक्रममा नर्सरीदेखि कक्षा १० सम्म प्रत्येक कक्षावाट एक जना विद्यार्थी गरी १६ जना, नेपाली तथा अग्रेजी हिज्जे प्रतियोगिता तहगत विजयी विद्यार्थी ३६ जनालाइ पुरस्कार वितरण गरिएको छ । त्यसैगरी सोही दिन भएको एकल नृत्य प्रतियोगितामा कक्षा एकदेखि तीन कक्षा समहुवाट सान्भी गुरुङ प्रथम, अग्रिम कार्की द्धित्तीय र तृत्तीय शिवानी सुनार, कक्षा चार देखि कक्षा ६ समुहवाट सायुरी विक प्रथम, सायना थापा द्धित्तीय र एरिस गुरङ तृत्तीय भएका छन् । कक्षा सात देखि कक्षा १० समुहबाट आशिका गौतम प्रथम, एलिसा गुरुङ द्धित्तीय र आरिसा गुरुङ तृत्तीय भएका छन् । सोही कार्यक्रममा एसइइ २०७८ व्याजवाट उर्त्तिण विद्यार्थीहरुलाइ मायाको चिनो दिएर सम्मान गरियो । पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देलले कार्यक्रमको उद्घाटन गर्दै विद्यालय गुणात्मक शिक्षा देखी कलात्मक शिक्षामा अगाडि बढ्दै गएकोमा प्रशंसा गरे।

शान्तिदीप स्कुलका प्राचार्य हरिकृष्ण पौडेलले विद्यालयको गतिविधि वारे प्रकाश पारे । शान्तिदीप स्कुलका प्रवन्ध निर्देशक मथुरा पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थी सुप्रिया केसी, पूर्व विद्यार्थी रोहित पोखेल लगायत ले वोलेको कार्यक्रममा शिक्षक रामजी पौडेलले संचालन गरेका विद्यालयका अतिरिक्त क्रियाकलाप विभाग प्रमुख देवी कुमारी गुरुङले पोखरापत्रलाई बताइन।

# पर्वतको आर्थर डाँडाखर्कमा जित मेला एवं भलिवल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले तिजको नाममा डगडान्स जस्ता नृत्यले तिजको मौलिकपन हराउदै विकृति फैलिदै गएको बताउनु भएको छ।

पर्वतको कुश्मा नगरपालिका १४ स्थित आर्थर डाँडाखर्क युवा क्लवको आयोजनामा यही भदौं १४ गतेसम्म संचालन हुने तिज मेला तथा पुरुष भलिवल प्रतियोगिता एवं सांस्कृतिक कार्यक्रमको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । तिजमा हुने कार्यक्रम कुनै न कुनै नेपाली पन झल्कनु पर्ने उहाँको भनाई थियो । अहिलेका तिज गितमा समृद्धि र संघियताको बारेमा आम जनतालाई बुझाउने गरी गित प्रस्तुतः गर्न महिलाहरुमा उहाँले आग्रह गर्नु भयो। निर्वाचन आचार संहिता छिट्टै लागु भएमा चाहेर पनि बजेट व्यबस्थापन गर्न नसकिने मन्त्री बरालले बताउदै सडक स्तरोउन्नती गर्न केही पहल गर्ने वचन दिनु भयो। आर्थिक बर्ष २०८०/०८१ मा फुलवारी देखि आर्थर डाँडा र सदरमुकामसम्म जोड्ने कालोपत्रे सडक निर्माणमा बिषेश पहल गर्ने बताउनु भएको छ । राजनितीक दलहरुमा बहुमत र प्रतिष्प्रर्धा भन्दा सहमती प्रणालीबाट अघि बढ्दा नेपालको आर्थिक विकास र समृद्धि हुने बताउनु भयो । समृद्धिको जग नबन्दासम्म प्रतिष्प्रर्धा भन्दा सहमती प्रणालीमा जानु उपयुक्त हुने मन्त्री बरालको भनाई थियो। उहाँले भन्नु भयो "आर्थर डाँडामा आउदै गर्दा क्लव, आमा समुह, बिद्यालयबाट गरिएको आतिथ्यता मेरो लागि ठुलो पूंजि हो ।" कुश्मा नगरपालिका वडा नम्बर १४ का वडा अध्यक्ष रुद्रमोहन रिमालले पछिल्लो समयमा युवाहरु विदेशीले क्रम बढेको अबस्थामा यस्ता मेला महोत्सव गर्नु प्रशंम्सनिय कार्य भएको बताउनु भयो। सदरमुकाम जोड्ने सडक अझै जिर्ण भएको बताउदै उहाँले आर्थर डाँडाखर्कबासी विकास दिने भगवानको खोजिमा भएको जनाउनु भयो। वडामा यस चालु आर्थिक बर्षमा ४० लाखको मात्र बजेट विनियोजन भएको अध्यक्ष रिमालले बताउनु भयो। नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य तथा प्रेस सेन्टरका केन्द्रिय उपाध्यक्ष त्रिभुवन पौडेलले आफ्नो पहलमा यस क्षेत्रमा केही बर्ष अघि ६४ करोडको बजेट पारे पनि केही नेता तथा सांसदहरुको कारण कार्यान्वयनमा समस्या भएको गुनासो गर्नु भयो। फुलवारी, नेटा, तिलाहार-राम्जा सडकको योजनामा परेको बजेट आन्तरिक बिबादको कारण कार्यान्वयन नहुदा आफुलाई निकै दुःख लागेको बताउदै उनले अर्थ मन्त्री बराल समक्ष बजेट विनियोजन गर्न माग गर्नु भयो।

क्लवका अध्यक्ष कमल गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्थानिय मेख बहादुर गुरुङ, नेपाली कागेंसका मान बहादुर क्षेत्री, माओबादी केन्द्रका युवा नेता अनुपम पौडेल, पन्चकोशी माविका प्रध्यानाध्यापक प्रकाश सापकोटा, आर्थर डाँडाखर्क कतार समाजका संस्थापक अध्यक्ष धन सुनार खाती, क्लवका उपाध्यक्ष सुदिप शर्मा, सचिब लक्ष्मण शर्मा लगायतले आर्थर डाँडाखर्कको आर्थिक विकास र समृद्धिको लागि सडक स्तरोउन्नती गर्न माग गर्नु भयो । क्लवका सल्लाहकार हिमलाल शर्माले विगत ५ बर्ष देखि क्लवले तिजको अवसरमा उक्त मेला आयोजना गर्दै आएको बताउनु भयो। भलिवल प्रतियोगितामा करिब २० टिम सहभागि हुने उहाँले बताउनु भयो। प्रतियोगितामा प्रथम हुनेले ७५ हजार, दोश्रो हुनेले ५० हजार र तेश्रो हुनेले २५ हजार साथमा शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिने भएको छ। त्यसै गरी मेलामा तिज गित प्रतियोगिता लगायतका विभिन्न प्रतियोगिता हुने भएको छ। मन्त्री बराललाई उक्त कार्यक्रममा पन्चे बाजा सहित भब्य स्वागत गरिएको क्लवले जनाएको छ।

# अर्जुन प्यानलको घरदैलो चाउथेबाट

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**



पोखरा उद्योग वाणिज्य संघको आसन्न ३४ औं महाधिवेशनका लागि प्यानल सहित उम्मेद्वारी घोषणा गरेका अर्जुन पोखरेल नेतृत्वको समूहले चाउथेबाट घरदैलो सुरु गरेको छ।

उम्मेद्वारहरु सहितको टोलीले खसीबजार र आसपासका क्षेत्रमा व्यवसायीसँग भेटेर भोट अपिल गरेका थिए। उनीहरुले व्यवसायीका समस्या बुझ्दै आफ्नो समूहले चुनाव जिते सबै समस्या समाधान गर्न लागि पर्ने बताए। 'व्यवसायीका हक हित र अधिकारकै लागि यो समूह बनेको हो। समूहले चुनाव जितेपछि उद्योगी व्यवसायीका यावत् समस्या समाधान गर्ने छौं,' अध्यक्षका प्रत्यासी अर्जुन पोखरेलले भने, 'उद्योग वाणिज्य संघको विरासत कायम गर्दै थप परिस्कृत गर्नका लागि हाम्रो समूह आएको छ ।' उनले आफ्नो समूहमा लामो समय विभिन्न संघ संस्था र उद्योग वाणिज्य संघमा समेत काम गरिसकेका उम्मेद्वार भएकाले उद्योगीका समस्यासँग नजिक रहेको बताए। 'समस्या धेरै छन्। सरकारसँग पहल गर्नुपर्नेदेखि हामी भित्रै सम्बोधन गर्नुपर्ने विषय पनि छन्,' उनी भन्छन्, 'संघलाई सम्मानित बनाउने र व्यवसायीलाई समुन्नत बनाउन दिनरात खट्ने छौं ।' पदाधिकारी र सदस्य सहितको उपस्थितिमा भएको घरदैलोका क्रममा उद्योगी व्यवसायीहरुले पोखरेलको समूह सक्रिय युवाहरु सम्मिलित भएकोले भरोसा बढेको प्रतिक्रिया दिए । 'पहिले पनि सक्रिय युवाहरुलाई हामीले सहयोग गरेका हौं । अहिले पनि युवाहरुको समूहलाई भोट दिन्छौं,' खसीबजारमा ब्यवसाय गर्दै आएका विष्णुहरी न्यौपानेले भने, 'अबको पालो युवाको हो । परिवर्तन युवाले नै गर्न सक्छन् । हामी युवाको साथमा छौं ।' मत माग्न जाने क्रममा उम्मेद्वारसँग मतदाताहरुले आफ्ना समस्या सुनाएका थिए । बैंकले ब्याज बढाएको देखि सरकारले बढी कर लिएकोसम्म उनीहरुको गुनासो छ । उम्मेद्वारहरुले कर कम गर्नका लागि अहिले देखि नै पहल भैरहेको र बैंकको ब्याज बढाएको बारेमा समेत ध्यानाकर्षण भएको बताएका छन् । उनीहरुले वर्षेनी बढ्ने ब्याजलाई निरुत्साहित गर्न सरोकारवालासँग पहल भैरहेको बताए । पोखरेलको प्यानलले उद्योग वाणिज्य संघलाई बहुतले बनाएर किसान बजार चलाउने देखि भवनबाट आम्दानी गर्ने योजना ल्याएको छ। अन्तराष्ट्रिय संघ संस्था र नेपाल मै खुलेका उद्योग र व्यवसायसँग सम्बन्धित संघ संस्थासँग सहकार्य गर्ने, पोखरामा लगानीमैत्री वातावरण सिर्जना गर्ने, सरकार र नागरिकबीचको पुलका रुपमा काम गर्ने लगायत प्रतिबद्धता पोखरेल समूहको छ । उनको समूहबाट बरिष्ठ उपाध्यक्षमा हरिहर सापकोटा, उद्योग उपाध्यक्षमा देवेन्द्र केसी, वाणिज्य उपाध्यक्षमा कुमारी मुना बास्तोला, महासचिवमा केशव बहादुर खत्री, कोषाध्यक्षमा हरिराज पन्त र उपमहासचिवमा हर्कबहादुर अधिकारी (मिरज) उम्मेद्वार छन्।

यस्तै, सदस्यहरुमा भरत केसी, कृष्ण प्रसाद कोइराला, धर्मेन्द्रकुमार बाटाजु, माधव बस्ताकोटी, उदयबहादुर केसी (लाहुरे दाइ), दिलिपकुमार श्रेष्ठ, दुर्गा रन्जित श्रेष्ठ, हिमनिधि लौडारी र महेन्द्र पौडेलले उम्मेद्वारी घोषणा गरेर चुनावी प्रचारमा लागिसकेका छन्। शनिबार चाउथे सहित काहुँखोला, मियाँपाटन, गौंडाको मुख क्षेत्रमा घरदैलो गरिएको महासचिव उम्मेद्वार केशवबहादुर खत्रीले जानकारी दिए।

# लामाचौर तीज महोत्सवअन्तर्गत राष्ट्रिय भलिबल सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**



लामाचौर तीज महोत्सव-२०७९ अन्तर्गत शनिबारदेखि लामाचौर कप महिला पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता सुरु भएको छ। पहिलो दिनको खेलमा नेपाल पुलिस विजयी हुँदा अर्को खेल स्थगित भयो।

नव आदर्श सामुदायिक विकास समाजले हरितालिका तीजको अवसरमा भदौ १२ देखि १४ सम्म आयोजना गरेको २४ औं संस्करणको लामाचौर तीज महोत्सव-२०७९ को पूर्वसन्ध्यामा भलिबल प्रतियोगिता सुरु भएको हो । चार दिनसम्म चल्ने प्रतियोगिताको पहिलो खेलमा नेपाल पुलिस क्लबले बुटवलको मणिमुकुन्द भलिबल क्लबलाई ३-१ सेटले पराजित गरेको छ। पहिलो सेटमा २८-३० मा पराजित भएकोमा पुलिसले उत्कृष्ट पुनरागमन गर्दै पछिल्ला सेट आफ्नो पक्षमा पारेको हो । पुलिसले दोस्रो सेटमा २५-१२ को जीत निकालकोमा तेस्रो सेट उस्तै २५-१२ निकाल्यो भने अन्तिम सेटमा २५-१७ को अन्तर कायम गरेको थियो । यसैगरी त्रिभुवन आर्मी क्लब र गण्डकी प्रदेशको टिम बिच भएको अर्को खेल लाइट नपुग्दा प्राविधिकरणवश दुवै टिमको सहमतिमा भोलीसम्मका लागि स्थगित भएको छ।

पहिलो सेट भने आर्मीले ३१-२९ को जित निकालेको प्रतियोगिता संयोजक शुसिलकुमार श्रेष्ठले बताए। बिगतमा महिला भलिबल मात्र हुँदै आएकोमा यस पालि पुरुष राष्ट्रिय भलिबल पनि थपिएको हो। खेल लामाचौरको इन्द्रराज्यलक्ष्मी मावि प्राङ्गणमा भएको छ । प्रतियोगितामा महिलातर्फ चार र पुरुषतर्फ पाँच टिमले भाग लिएका छन्। महिलातर्फ सशस्त्र प्रहरीको टिम अन्तिम समयमा सहभागी भएन । महिला राष्ट्रिय भलिबल प्रतियोगितातर्फ नेपाल प्रहरी, त्रिभुवन आर्मी क्लब, न्यू डायमण्ड युथ स्पोर्टस् क्लब र गण्डकी प्रदेशको टिमले भाग लिएका छन् भने पुरुषतर्फ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, त्रिभुवन आर्मी क्लबसहित बुटवलको मणिमुकुन्द भलिबल क्लब र गण्डकी प्रदेशको टिम गरी ५ टिमले भाग लिएका छन् । आइतबार बिहान पहिलो खेल पुरुषतर्फ मणिमुकुन्द भलिबल क्लब र सशस्त्र प्रहरी बल बिच हुनेछ । भबिलल प्रतियोगितामा महिला पुरुष दुवै तर्फका विजेताले १ लाख ५० हजार १११ पुरस्कार प्राप्त गर्ने छन् । उपविजेताले १ लाख १११ र तेस्रो हुनेले ५० हजार १११, सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट विधामा आकर्षक पुरस्कार दिइनेछ। २०५४ सालमा स्थापित नव आदर्श सामुदायिक विकास समाजले हरेक वर्ष तीज अवसरमा लामाचौर तीज महोत्सव आयोजना गर्दै आएको छ। राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले आइतबार महोत्सव उद्घाटन गर्नेछन् भने अन्तिम दिन पूर्व प्रधानमन्त्री प्रचण्डको उपस्थिति हुने छ । महोत्सवको आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ । महोत्सवमा अन्तर महिला समूह तीजगीत प्रतियोगिता, पवित्रा गणेश अन्तरविद्यालय लोकनृत्य प्रतियोगिता, नरबहादुर बानियाँ स्मृति प्रदेशस्तरीय सितेरियो कराते प्रतियोगिता, स्रष्टा सम्मान, बाल उद्यान, औद्योगिक तथा विभिन्न व्यापरिक स्टलहरु, झाँकी प्रदर्शनी, राष्ट्रिय तथा स्थानीयस्तरका कलाकारको दैनिक प्रस्तुति लगायत आकर्षण रहेका छन्। महोत्सवमा विभिन्न प्रकारका करिब ५० स्टल रहेको सूचना तथा संचार उपसमिति संयोजक बुद्धिबहादुर खत्री क्षेत्रीले जानकारी दिए।

महोत्सवको अवसरमा शिक्षा, साहित्य, खेलकुद, युवा उद्यमशीलता विकासका क्षेत्रमा योगदान दिने श्रष्टालाई आयोजकले विगतमा झैं सम्मान गर्ने संस्थाका अध्यक्ष रेश्मा शेरचन अधिकारीले बताइन् । महोत्सवमा ५४ लाख ५ हजार खर्च हुने आयोजकको अनुमान छ । सामाजिक कार्यमा समेत क्रियाशील नवआदर्श सामुदायिक विकास समाजले महोत्सव संचालन गर्न स्थापना गरेको कोषमा २६ लाख संकलन भइसकेको र यसपालि डेढ लाख थप गर्ने लक्ष्य लिएको जनाएको छ । महोत्सवको मुख्य सहयोगी बानियाँ किराना स्टोर्स लामाचौर हो । देशविदेशमा गरी विभिन्न प्रायोजकले हालसम्म ४८ लाख रुपैयाँ सहयोगको बोलकबोल गरिसकेको आर्थिक संयोजक दिलबहादुर थापाले बताए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# एमालेको जाँगर

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनमा अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको अघि सार्ने निर्णय गरेको छ । निर्वाचनमा गठबन्धन विरुद्ध एमाले भिड्न ओलीलाई अगाडि सारेको छ । गठबन्धनलाई भावी प्रधानमन्त्री कस्लाई अघि सार्ने प्रश्न खडा भएको छ । गठबन्धन दलमा सिट बाँडफाँड टुङ्गो लाग्न सकस परेको बेला एमाले अध्यक्षलाई भावी प्रधानमन्त्री बनाउने निर्णय गरेर काङ्ग्रेस सभापति शेर बहादुर देउवालाई गठबन्धनको नेताको रुपमा सारिदिओस भन्ने आशय छानिर्वाचनको लागि निरन्तर दबाब दिएको एमालेले प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको उम्मेदवारी भदौ २२ गतेभित्र सिफारिस गरिसक्न पार्टीको सम्बन्धित निर्वाचन क्षेत्र समन्वय कमिटीलाई निर्देशन दिएको छ । शनिबार सम्पन्न पार्टी केन्द्रीय कमिटी बैठकले उम्मेदवारको अन्तिम टुंगो लगाउने जिम्मेवारी केन्द्रिय कमिटीमा रहने गरी तल्ला कमिटीको सिफारिस खोजेको छ ।

सम्बन्धित प्रतिनिधिसभा क्षेत्रीय समन्वय कमिटीले प्रतिनिधिसभा र सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले सोही क्षेत्रको उम्मेदवार सिफारिस गर्न बैठकले निर्देशन दिएको छ । एकजना महिला अनिवार्य रहनेगरी दुवै निर्वाचनका लागि ३ जना उम्मेदवार सिफारिस गर्नुपर्ने भएको छ । एमालेले उम्मेदवार छनौटको मापदण्ड पनि तय गरेको छ । पार्टी नीति र कार्यक्रमप्रति प्रतिवद्धता, लोकप्रियता र विजयको सुनिश्चितता, पार्टीप्रतिको निष्ठा र आन्दोलनको योगदान, सन्तुलन र समावेशिता, निर्वाचन कानुन बमोजिमको योग्यता पुगेको व्यक्तिहरुलाई प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको लागि उम्मेदवार उठाउन सक्ने मापदण्ड तय गरिएको छ । एमालेले सिफारिस गरेका कुनै पनि उम्मेदवारहरूले पार्टीले अन्तिम निर्णय नगरेसम्म आफू उम्मेदवार भए भनेर कुनैपनि गतिविधि नगर्न पनि सचेत गराएको छ । पार्टीले निर्णय नगर्दासम्म धैर्य गर्न नसक्ने प्रबृत्ति बद्दो छ ।

एमालेले निर्वाचन परिचालनमा युवाहरुलाई समेट्ने गरी १५ देखि २५ सदस्यीय निर्वाचन परिचालन कमिटी निर्माण गर्ने निर्णय पनि गरेको छ । अनेरास्वबियू, राष्ट्रिय युवा संघ, नेपाल, खेलकुद महासंघका आवद्ध युवाहरुलाई समेटेर निर्वाचन परिचालन कमिटी बनाउने निर्णय पनि बैठकले गरेको एमालेले जनाएको छ । बैठकले हरेक पार्टी सदस्यलाई २ भोट थप्न र ५ भोट संरक्षण गर्ने नीति आम रुपमा अघि बढाउने निर्णय गरेको प्रचार तथा प्रकाशन विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिएका छन ।

बैठकले प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको उम्मेदवार निर्वाचन आयोगका सिफारिस गर्ने अख्तियार पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई दिने निर्णय पनि गरेको छ । बैठकमा पार्टीका उपाध्यक्ष विष्णु पौडेल नेतृत्वको स्थानीय तह निर्वाचन छानविन समितिले आफ्नो कामबारे बैठकलाई जानकारी गराएको थियो । त्यसैगरी पार्टीको केन्द्रिय अनुशासन आयोग, केन्द्रिय सल्लाहकार परिषद, लेखा आयोगले पनि बैठकमा आ-आफ्नो कामको प्रगति विवरण बैठकमा प्रस्तुत गरेको थियो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## थापाको जोडी च्याम्पियन

पोखरापत्र संवाददाता
लमजुङ, ११ भदौ

लमजुङ साइनो टिम सातौं खुला तथा चौथो प्रविणकुमार कायस्थ स्मृति राष्ट्रिय युगल ब्याटमिन्टन प्रतियोगितामा सुजन थापा र दीपक राना च्याम्पियन बनेका छन् ।

बेंसीसहर नगरपालिका वडा नं ८ मा हरितालिका तीजका अवसरमा लमजुङ युवा क्लबको आयोजनामा आयोजित यस प्रतियोगिताको आज भएको फाइनल खेलमा प्रियान्सुसिंह क्षेत्री र राजु थापाको जोडीलाई २१-१७ र २१-१३ को सोझो सेटमा पराजित गर्दै उक्त जोडी च्याम्पियन बनेको हो । च्याम्पियन बनेसँगै उक्त जोडीले रु ४० हजार, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । त्यस्तै दोस्रो हुन सफल राजुको जोडीले रु २५ हजार, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । कास्कीका विधान अधिकारी र विशाल खड्का तथा बुटवलका गणेश रायमाझी र विवेक न्यौपानेको जोडी रु १०/१० हजार, मेडल र प्रमाणपत्र प्राप्त गरेको गर्न सफल भएको छ । विजयी खेलाडीलाई बेंसीसहर नगरपालिकाका नगरप्रमुख गुमानसिंह अर्यालले पुरस्कार वितरण गर्दै यस्ता प्रतियोगितामा खेलाडीहरुले स्थान पाउने बताउनुभयो । गत बिहीबारदेखि सुरु भएको यस प्रतियोगितामा देशभरका २६ टोलीको सहभागितारहेको क्लबका कार्यवाहक अध्यक्ष विजयकुमार श्रेष्ठले बताउनुभयो। बर्सेनि यस्ता प्रतियोगिता गर्दै आएको र आगामी वर्षमा पनि निरन्तरता दिइने उहाँको भनाइ छ । यस क्लबले यसअघि दुई वर्ष भने कोरोना सङ्क्रमणका कारण कुनै पनि कार्यक्रमको आयोजना गरेको थिएन ।

## मनाङका मतदाताको अद्यावधिक गर्दै

पोखरापत्र संवाददाता
मनाङ, ११ भदौ

आगामी मङ्सिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनलाई लक्षित गरी हिमाली जिल्ला मनाङमा थपिएका मतदाता नामावलीको अद्यावधिक भइरहेको छ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरी गत असार १ देखि साउन १९ गतेसम्म सङ्कलित मतदाता नामावलीको अद्यावधिकको काम भइरहेको निर्वाचन कार्यालयले जनाएको छ । स्थानीय तह निर्वाचनपछि जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा सङ्कलित नयाँ मतदाताको नामावली अद्यावधिक गरी वास्तविक नामावलीको तयारीका लागि नयाँ मतदाता नामावली सार्वजनिक गरिएको जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख निर्वाचन अधिकारी अनन्त सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्कलित नयाँ मतदाताको नामावली दाबी विरोधका लागि सार्वजनिक गरिएको हो । यही भदौ १३ देखि १५ गतेसम्म अद्यावधिकका लागि अन्तर्क्रियासहित उजुरी, दाबी विरोधका निम्ति सार्वजनिक गरी वडा, पालिका, प्रदेश तथा क्षेत्र तहसम्म पुऱ्याउन अनुरोधसमेत गरिएको सुवेदीले बताउनुभयो । मतदाता नामावली दर्ताका लागि जिल्लाका विभिन्न पालिकाबाट सदरमुकामसम्म जिल्लावासी आएको उहाँले बताउनुभयो । "प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि जिल्लावासी उत्साहित भएको देखियो, यसले निर्वाचन जनताले नै चाहनुभएको बुझिन्छ", उहाँले भन्नुभयो । मनाङमा महिला तीन हजार पाँच सय २४ र पुरुष तीन हजार तीन सय २० गरी छ हजार आठ सय ४४ मतदाता पुगेको सुवेदीले बताउनुभयो ।

# मध्यपहाडी राजमार्ग आसपासका पालिका अब आर्थिक करिडोर

–कृष्ण दवाडी
कास्की, ११ भदौं (रासस)

राष्ट्रिय गौरवको मध्यपहाडी राजमार्ग (लोकमार्ग) आयोजना निर्माणकै चरणमा छ । देशको पूर्वदेखि सुदूरपश्चिमसम्म पहाडी भूगोलमा विकासको मेरुदण्डका रूपमा हेरिएको उक्त राजमार्ग निर्माणसँगसँगै गण्डकी प्रदेशमा राजमार्गले छुने पालिकालाई आर्थिक करिडोरकारूपमा विकास गरिने भएको छ ।

गण्डकीमा मध्यपहाडीले गोरखा, लमजुङ, कास्की, पर्वत र बागलुङ गरी पाँच जिल्लालाई छुन्छ । गोरखाको आरुघाटदेखि बागलुङको निसिखोलासम्म उक्त राजमार्गले छुने यही भूगोललाई मध्यपहाडी लोकमार्ग आर्थिक करिडोरका रूपमा अघि बढाइएको हो । गण्डकीका उक्त राजमार्ग आसपासका २१ स्थानीय तहमा उत्पादनमूलक साझेदारीको माध्यमबाट कृषकको बजार आबद्धतालाई सुनिश्चित गर्दै आर्थिक करिडोरका रूपमा विकास गर्ने कार्यक्रम सञ्चालन गर्न लागिएको हो । यसबाट स्थानीय अर्थव्यवस्थालाई मजबुत बनाउन सकिने अपेक्षा गरिएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालय मातहतको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाअन्तर्गत गण्डकीमा मध्यपहाडीले छुने पालिकामा ग्रामीण उद्यमशीलता प्रोत्साहन गरेर आर्थिक विकासको केन्द्र बनाउने कार्यक्रम सुरु भएको हो ।

देशका छ प्रदेशका मुख्य राजमार्गलाई आर्थिक करिडोर मानी सो करिडोरले छुने ३५ जिल्लाका एक सय ७१ स्थानीय तह आयोजनाको कार्यक्षेत्र रहेका छन् । कार्यक्षेत्रमा कार्यक्रम सञ्चालनका लागि चारवटा आर्थिक करिडोर कार्यालय स्थापना गरिएको छ ।

आयोजनाले कृषि उपजहरूको मूल्यशृङ्खला विकास र उद्यमशीलताको लागि आवश्यक नीतिगत खाका, आवश्यक संरचना निर्माण र अन्य सहयोगी सेवामार्फत उद्यमशीलताको वातावरण निर्माणमा सघाउने बुटवलस्थित ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालयका प्रमुख डा तपेन्द्रबहादुर शाहले बताउनुभयो । उहाँका अनुसार कृषकलाई उत्पादनमा लगाउने, ग्रामीण बजारमा पहुँच अभिवृद्धि गर्ने र बजार सुनिश्चित गर्दै उद्यमशील वातावरण निर्माण र कृषि बजारका लागि पूर्वाधार निर्माणमा आयोजनाले सघाउने छ । कार्यक्रमअन्तर्गत खाद्यान्न बीउ, दलहन, तरकारी तथा फलफूल, मसलाबाली, पक्षी, दूध, मासु, माछा, चिया, कफी, मह, जडीबुटी तथा अन्य वनस्पति उत्पादन गर्न कृषि सहकारी तथा कृषक समूहमार्फत बजारसँग जोड्दै जनही रु दुई लाखका दरले अनुदान उपलब्ध गराइने छ । यसैगरी कोभिड-१९ बाट सिर्जित परिस्थितिको पुनःस्थापनाका लागि रोजगारीका अवसर सिर्जना गरिने योजना छ । उहाँले भन्नुभयो, "ग्रामीण उत्पादनमूलक साझेदारीमार्फत कृषकलाई बजार सुनिश्चित, सङ्घीय संरचनामा आवश्यक नीतिगत खाका तयार, उपयुक्त संरचना र अन्य सहयोगी सेवामार्फत उद्यमशील वातावरण बनाउँदै कोरोनाबाट पीडितलाई खाद्य आपूर्ति शृङ्खला सुधार गर्नु आयोजनाको उद्देश्य छ ।"

आयोजनाबाट कृषि समूहका लागि अनुदान, पूर्वाधार र संरचना निर्माण तथा क्षमता विकासमा सहयोग हुनेछ । अनुदानका लागि उत्पादक र क्रेताबीच उत्पादनमूलक साझेदारी स्थापना गर्ने र व्यावसायिक योजना तयार पारी सोका आधारमा अनुदान रकम उपलब्ध गराइने छ। आर्थिक करिडोर कार्यालय बुटवलअन्तर्गत लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका नौ जिल्लाका ३० पालिका छन् । गण्डकीमा कार्यक्रम कार्यान्वयन सहज बनाउन पोखरामा सम्पर्क कार्यालय खोलिएको छ ।

यसैगरी पालिकास्तरीय कृषि तथा पशु सेवा केन्द्र, कृषि बजार र मूल्य शृङ्खला तथा प्रादेशिकस्तरमा कृषि बजारका लागि हाटबजार, सङ्कलन केन्द्र र चिस्यान केन्द्र स्थापनाका लागि आयोजनाले आर्थिक सहयोग उपलब्ध गराउने छ। स्थानीय तहमा कृषि तथा पशु सेवा केन्द्र निर्माण तथा स्तरोन्नतिका लागि गण्डकी प्रदेशमा १० र लुम्बिनी प्रदेशमा तीन पालिका छनोट भएका छन् । गण्डकीमा कास्कीका रुपा गाउँपालिका, अन्नपूर्ण र पोखरा महानगरपालिका छन् । बागलुङ नगरपालिका, लमजुङको मध्यनेपाल नगरपालिका र सुन्दरबजार तथा गोरखाको पालुङटार छनोटमा परेकामा पूर्वाधार निर्माणका लागि रु दुई करोडका दरले बजेट उपलब्ध गराइने आयोजनाको पोखरा सम्पर्क कार्यालयका प्रमुख एवं कृषि अधिकृत पुरुषोत्तम सुवेदीले बताउनुभयो । उहाँका अनुसार पोखरा सम्पर्क कार्यालयले गण्डकी प्रदेशमा कार्यक्रम कार्यान्वयनका लागि सहज बनाउने छ । विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा विसं २०७७ देखि पाँच वर्षका लागि ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना कार्यान्वयन सुरु भएको हो । यसअवधिमा आयोजनाले ग्रामीण उद्यमशीलता विकास प्रोत्साहन गर्न रु १४ अर्ब लगानी गर्ने आर्थिक करिडोर कार्यालयले जनाएको छ । उक्त कार्यालयअन्तर्गत आयोजनाले लक्ष्य गरेका समूह, सहकारी, सङ्घजस्ता उत्पादनमूलक क्षेत्रमा आवद्ध एक सय ६५ उत्पादनमूलक सङ्गठन यसमा आवद्ध चार हजार दुई सय ग्रामीण उत्पादक र साना कृषकले साझेदारी सहयोग प्राप्त गर्ने पोखरा कार्यालय प्रमुख सुवेदीले जानकारी दिनुभयो ।

यसैगरी प्रादेशिक तथा स्थानीय तहमा निर्माण हुने कृषि विकाससँग सम्बन्धित संरचना, मूल्य शृङ्खला विकास पूर्वाधारबाट समुदायका करिब छ सय १५ व्यक्ति लाभान्वित हुने जनाइएको छ । कोभिड-१९ पीडित एक हजार हाराहारी व्यक्तिका लागि ग्रामीण रोजगारीको अवसर सिर्जना हुने अपेक्षा गरिएको छ ।

# व्यासको जन्मभूमि र पराशरको तपोभूमि दमौलीलाई धार्मिक पर्यटनको केन्द्र बनाइने

–कृष्ण न्यौपाने
दमौली, ११ भदौं (रासस)

व्यासको जन्मभूमि तनहुँको दमौलीलाई धार्मिक र सांस्कृतिक पर्यटकीय केन्द्रका रुपमा विकास गरिनुपर्ने आवश्यकता औँल्याइएको छ । देशकै प्रमुख पर्यटकीय गन्तव्य पोखरा जाने पृथ्वीराजमार्गमा पर्ने व्यास र पराशर गुफासहितको धार्मिक सांस्कृतिक महत्वको दमौली क्षेत्रमा धार्मिक आस्थाका पर्यटक आकर्षित गर्न सकिनेछ । त्यसका लागि व्यासको जन्मभूमि तथा पराशर ऋषिको तपोभूमि, शिरमा रहेको मानुङकोट तथा वरपरका प्राकृतिक, सांस्कृतिक, धार्मिक स्थल रहेको यो क्षेत्रको प्रचारको हुनुपर्ने आवश्यकता औल्याइएको छ ।

वेदव्यासले महाभारत, चारवेद र अठार पुराणको रचना गरेको दावी र विभिन्न स्रोतले प्रमाणित गरेपनि व्यासभूमिको उचित प्रसारप्रसार हुन नसकेको व्यास क्षेत्र विकास कोषका अध्यक्ष अशोककुमार श्रेष्ठ बताउँनुहुन्छ । "व्यास जन्मिएको, पराशरले तपस्या गरेको ठाउँ आज संसारभर प्रख्यात हुनुपर्थ्यो, तर त्यसो हुन सकिरहेको छैन", श्रेष्ठले भन्नुभयो, "जनस्तरबाट त प्रयास सुरु भयो, तर राष्ट्रियस्तरबाट हुन सकेको छैन ।" व्यासभूमिलाई विश्वभर परिचित गराउन र धार्मिक पर्यटनको विकास गर्ने उद्देश्यसहित कोषकै सक्रियतामा १०८ फिट अग्लो व्यासको मूर्ति बनाउन आवश्यक पूर्वाधार निर्माण थालिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र व्यास नगरपालिकाबीच सम्झौता भई पहिलो चरणमा रु पाँच करोड ८४ लाख ८४ हजारमा मूर्ति अड्याउने स्तम्भ निर्माणको काम भइरहेको छ । मन्त्रालयको समपुरक अनुदान रु तीन करोड ८० लाख १४ हजार छ । नगरपालिकाले रु दुई करोड चार लाख ६९ हजार लागत साझेदारी गरेको छ । पर्यटन मन्त्रालयबाट अहिलेसम्म रकम आएको छैन । सम्झौताको रकम नआएपछि भइरहेको कामको भुक्तानी दिन समस्या भएको कोषले जनाएको छ ।

दमौलीमा घुम्न लायक थुप्रै धार्मिक तथा पर्यटकीय गन्तव्य छन् । तर यहाँ पर्यटकलाई अझै आकर्षित गर्न सकिएको छैन । पर्यटकीय नगरी बन्दिपुरदेखि प्रदेशको राजधानी पोखरा जाने आन्तरिक तथा बाह्य पर्यटकलाई यस क्षेत्रमा घुम्ने वातावरण बनाउन नसकिएको स्थानीयवासी बताउँछन् । व्यासको जन्मभूमि दमौलीमा शिवपञ्चायन मन्दिर छ । मन्दिरको केही तलपट्टि व्यासगुफा छ। जहाँ बसेर व्यासले चारवेद र अठार पुराणको रचना गरेको दावी गरिन्छ । व्यास गुफाको पारिपट्टी पराशर गुफा छ । पराशर गुफासम्म पुग्न मादी नदीमा झोलुङ्गे पुल निर्माण गरिएको छ । व्यासगुफासम्म घुम्न आएकाहरु पुल तरेर मादी सेती नदीको सङ्गमस्थल पराशर क्षेत्र पुग्छन् । नजिकैको तनहुँ जलविद्युत आयोजनाले यस क्षेत्रमा आकर्षण थपेको छ । यस ठाउँ वरपर घुम्ने गन्तव्य धेरै छन्, जसले गर्दा एक दिन मात्र समय छुट्याएर आउनेहरुलाई यो समय अपुग हुन सक्छ । दमौली आसपास पर्यटक आकर्षित गर्ने पूर्वाधार थपिने क्रम जारी छ । व्यास-१० स्थित परेवाडाँडामा परेवाको र दुम्सीचौरमा दुम्सीको मूर्ति बनाइएकोछ।यसठाउँमाआन्तरिक पर्यटकआउने निवर्तमानवडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो । वडा कार्यालयको रु तीन लाख र स्थानीयवासीको सहयोग गरी एक लाख २० हजारतमा दुम्सीचौरमा दुम्सीको मूर्तिराखिएकोछ।सार्वजनिकबिदा रशनिबारकोदिनयहाँसर्वसाधारण घुम्न आउने स्थानीय किशोर गुरुङले बताउनुभयो। टिकटकलाई भिडिओ बनाउन सर्वसाधारणको यहाँ भिड लाग्छ । दमौली बजार छर्लङ्ग देखिने मानुङकोट यहाँको पर्यटकीय गन्तव्यमध्ये प्रख्यात ठाउँ हो। कोभिड-१९ को बन्दाबन्दीमा यहाँ एकैदिन हजारौ पर्यटक पुगे । मानुङकोटबाट देखिने कुहिरो र नागबेली परेर बग्ने मादी नदीको पृष्ठभूमिमा देखापर्ने हिमशृङ्खला यहाँको थप आकर्षण स्थल हो। विभिन्न शास्त्रीय प्रमाणले व्यासको जन्मभूमि दमौली भएको स्वीकार गरिसकेपनि प्रचारप्रसारको अभावमा यस क्षेत्र ओझेलमा परेको व्यासका अध्येता काशीनाथ न्यौपानेले बताउनुभयो। व्यासको भूमिलाई विश्वमाझ चिनाउन बेला-बेलामा कार्यक्रमहरु भइरहेपनि त्यसले मूर्त रुप पाउन नसकेको उहाँको गुनासो छ । "व्यास भूमिलाई पौराणिक, आध्यात्मिक, धार्मिक, पुरातात्विक र ऐतिहासिक दृष्टिले परिचित गराउन र धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्धेश्यले बेला-बेलामा कार्यक्रमहरु भइरहेकै छन्", न्यौपानेलेभन्नुभयो।व्यासभूमिलाई अन्तर्राष्ट्रिय स्तरसम्म परिचित गराउँदै धार्मिक गन्तव्य बनाउन विविध कार्यक्रम हुँदै आएको छ । विश्वका हिन्दुधर्मावलम्बी र ओमकार परिवारको मूल तीर्थस्थल बनाउने उद्देश्यले केही वर्ष अगाडि व्यासक्षेत्रमा १८ महिने अखण्ड हरिनाम सम्पन्न भयो । विसं २०४१ मा योगी नरहरिनाथले कोटीहोम लगाउने सिलसिलामा भएको धर्म सभामा महर्षि वेदव्यासको अवतरण भूमि दमौली स्थित शुक्लामाहेन्द्री सङ्गम भएको भनाइ व्यक्त गर्नुभएको थियो । त्यसपछि यस क्षेत्रको बारेमा थप अध्ययन अनुसन्धान हुन थालेको न्यौपानेले बताउनुभयो । न्यौपाने अगाडी थप्नुहुन्छ, " नरहरिनाथले धर्मसभामा महर्षि वेदव्यासको २८ औ अवतार दमौलीमा भएको भनेपछि यस क्षेत्रको बारेमा अध्ययन अनुसन्धान गर्न प्रेरणा मिल्यो । " व्यास पराशर क्षेत्रको प्रवर्द्धनमा व्यास नगरपालिका प्रतिबद्ध रहेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । व्यासको मूर्ति निर्माण गर्न चालु आर्थिक वर्षमा रु एक करोड बजेट विनियोजन गरिएको छ ।

व्यासको जन्म बारेको प्रसङ्गमा दमौलीदेखि ८ किमि पूर्व छाब्दी बाराहको मन्दिरदेखि करिब ५० मिटर पश्चिम पट्टिको कुण्डमा व्यासकी माता सत्यवतीको जन्म भएको मानिन्छ । माछाको रूपबाट जन्म भएकाले त्यस कुण्डको नाम मच्छेकुण्ड रहेको बताइन्छ । योगी नरहरिनाथले 'आध्यात्मिक नेपाल एवं हिमालय देवोदेश'मा पाँच नदी सेती, मादी, बुल्दी, गुणादी र र छाब्दीको सङ्गमलाई व्यासको जन्मभूमि, कर्मभूमि र तपोभूमि, स्वामी प्रपन्नाचार्यले 'मिल्केका झिल्का' मा दमौली क्षेत्रलाई र कुमारबहादुर जोशीले आफूले अन्तर्वार्ताको क्रममा मादी र सेतीको सङ्गम नै व्यास( कृष्ण द्वैपायन)को जन्मस्थल भएको पाएको उल्लेख गर्नुभएको छ ।

# सिटिवान टेलिभिजनको तीज गीत प्रतियोगीतामा पुरुनचौरको उपकार आमा समुह प्रथम

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**

सिटिवान टेलिभिजनले आयोजना गरेको खुला तीज गीत प्रतियोगीताको उपाधि उपकार आमा समुह पुरुनचौरले जितेको छ।

तीजको वेला सिटीवानको साँस्कृतिक मेला, खुल्ला तीज गीत प्रतियोगितामा कास्की जिल्लाका विभीन्न ४५ समुहले सहभागीता जनाएका थिए।

सहभागी समुहहरुले विपत व्यवस्थापनमा महिलाको भूमिका, महिला हिसां, पर्यटन प्रवर्धन, सरसफाई, बैदेशिक रोजगार, उधमशिलता, तथा लागु पदार्थ दुर्व्यसनी, शिक्षा जस्ता सामाजिक विषयमा गीत गाएका थिए। पोखरा उद्योग वाणिज्य संघको सभा हलमा शुक्रवार संचालन भएको कार्यक्रमको उद्घाटन सत्रका प्रमुख अतिथि गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ प्रदेश सरकार सांस्कृतिक गतिविधिको संरक्षणमा लाग्ने भन्दै सद्भाव पुर्ण रुपमा हरितालीका तिज मनाउन सवैलाई आग्रह गर्नु भएको थियो। खुल्ला तीज गीत प्रतियषेगीताको प्रथम हुने समुहलाई नगद ५० हजार साथ प्रमाण पत्र प्राप्त सहित सम्मान गरीएको थियो। पोखरा हेम्जाको सफल उद्यमी महिला समुह दोस्रो भएको थियो। उक्त समुहले नगद ३० हजार साथमा प्रमाणपत्र हात पार्न सफल भएको थियो।

हेमजाको कामधेनु महिला कृषक समुह तितृय भएको थियो। उक्त समुहले नगद २० हजार साथमा प्रमाणपत्र प्राप्त गरेको थियो। सान्त्वना पुरस्कार गन्धर्व आमा समुहले हात पारेको छ। सान्त्वना पुरस्कार प्राप्त गर्ने समुहले १० हजार सहित प्रमाणपत्र प्राप्त गरेको छ।

त्यस्तै उत्कृष्ट नृत्य तर्फ सक्षम अभियान समुह, उत्कृष्ट भेषभुषा अमरसिहं दिदिबहिनी समुह अमरसिहं, उत्कृष्ट शब्द खास्टे ताल बाराही आमा समुह भएका छन्। उक्त समुहहरुले नगद रु ५/५ हजारको साथमा प्रमाणपत्र प्राप्त गरेका थिए। प्रतियोगीतामा निर्णायक संयोज लोक गायीका शान्ती गुरुङले मौलीक गितमा समुहरुले देखाएको प्रर्दशन उत्कृष्ठ रहेको बताउनु भएको थियो। गाउने आमा समुहहरुले वाध्यवादन र नाच्नेले ताल लमिलाउदा गीतको लए दर्शक र स्रोताले वुझ्ने बताउनु भयो। निर्णायक सदस्यहरुमा लोक गायीका बालुमाया पुन र लोक गायीका लक्ष्मी गिरी रहनुभएको थियो। कार्यक्रममा रमाइलो तिज प्रतियोगीता सगै दिर्घायू अस्पताल पोखराको सहकार्यमा वृहत स्वास्थ्य शिवीरमा १२ सय जनाले आफ्नो स्वास्थ्य समेत संचालन गरिएको थियो। स्वास्थ्य शिविरमा वरिष्ठ फिजिसियन डाक्टर वद्री पौडेल र वरिष्ठ प्रसुती रोग विशेषज्ञहरुले स्वास्थ्य जाँच गर्नुभएको थियो भने ३५ सय जनाले मेलको अवोलोकन गरेका थिए। प्रतियोगीतको समापन सत्रका प्रमुख अथिती कानुन संञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दु कुमार थापाले पछिल्लो समय सांस्कृती चार्डरुमा विकृती आउन थालेको भन्दै सबै सचेत वन्नु पर्ने बताउनु भएको थियो। कार्यक्रम सिटीवान टेलिभीजनका अध्क्षय पवनकुमार प्रजापतीको अध्क्षयतामा सम्मपन्न भएको कार्यक्रमको संचालन टेलिभिजनका प्रवन्द्ध निर्देशक अनिशा श्रेष्ठले संचालन गर्नु भएको थियो।

# वेलनन एकेडेमीमा विद्यार्थी स्वागत

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**

पोखरा-१५ मा रहेको वेलनन एकेडेमीका कक्षा-११ म नवआगन्तु विद्यार्थीहरुलाई स्वागत कार्यक्रम सम्पन्न गरेको छ।

प्रमुख अतिथी पोखरा महानगरपालिका वडा नं. १५ का बड़ा अध्यक्ष तोरण कुमार वानियाले विद्यार्थीहरुको जिवनको बाटो देखाउने माध्यम शिक्षा रहेको र यस सँगै बानि, व्यवहार आचरन पनि सकारात्मक रहनुपर्ने विचार राखेका थिए।



विद्यालयका संस्थापक निर्देशक शान्तवहादुर गुरुङ्गले विद्यार्थीहरूको उज्वल भविश्यको निम्ती असल र सहि मार्ग निर्देशक भनेको नै शिक्षा रहेको र विद्यार्थीललो असल र व्यवहारिक बन सुभाव दिइका थिए। विद्यालयका प्राचार्य आनन्दराज अधिकारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा अधिकारीले जिवनमा सफलता प्राप्त गर्नको निम्ती विधार्थीहरु व्यवहारिक बन्नु पर्नेमा जोड दिएका थिए।

कक्षा-१२ का विद्यार्थी मन्दिप गिरीले स्वागत मन्तब्य राख्यको कार्यक्रमको संचालन विद्यालयका संस्थापक सह प्राचाच श्री शिवहरी सुवेदी ले गरेको शिक्षक सुनिल सुबेदीले जानकारी दिएका छन्।

# पर्वतका ११ लघु जलविद्युत् आयोजना अलपत्र

**पोखरापत्र संवाददाता**
**पर्वत, ११ भदौं**

जिल्लाका विभिन्न दुर्गम भेगका अँध्यारा बस्तीमा उज्यालो पुऱ्याउने भन्दै स्थापना गरिएका लघु जलविद्युत् आयोजना अलपत्र बनेका छन्।

दुई दशक अघिदेखि युएनडिपी, विश्व बैंक र नेपाल सरकारको लगानीमा निर्माण भएका जिल्लाका ११ आयोजना अहिले पूर्णरुपमा बन्द भएका छन्। पाँच वर्ष अघिसम्म तीन मात्र आयोजना सञ्चालनमा रहेपनि अहिले केन्द्रीय प्रशारण लाइनको पहुँच विस्तार भएसँगै ती बन्द भएका हुन्। पछिल्ला केही वर्षयता सामुदायिक विद्युतीकरणमार्फत पर्वतका सबै स्थानीय तहका सबै वडामा केन्द्रीय प्रशारण लाइनको पहुँच विस्तार भएको छ। दक्षिण पर्वतको सरौखोलाको १२ किलोवाट क्षमताको अगुवाखोला, पाङराङको साढे ७ किलोवाट क्षमताको गढिसिद्ध र ११ किलोवाटको बाच्छाखोला, हुवासको १२ किलोवाट क्षमताको गेडीखोला, भोर्ले गाविसको १६ किलोवाट क्षमताको धुवाकोट, क्याङगाविसमा सञ्चालित १६ किलोवाट क्षमताको घट्टेखोला लघु जलविद्युत् पूर्ण रुपमा बन्द छन्। बाच्छा गाविसको बाच्छाखोलाका १९ र २१ किलोवाटको बाच्छाखोला लघु जलविद्युत् आयोजनाबाट बिजुली उत्पादन हुन छाडेको छ। पर्वतको मोदी गाउँपालिका-१ भुकताङ्गलेको २७ किलोवाट क्षमताको ठाडोखोला लघु जलविद्युत् आयोजना दुई वर्षअघि आएको पहिराले पुरिएपछि अलपत्र बनेको छ। उता महाशिला गाउँपालिका-२ भोक्सिङको ६ किलोवाट क्षमताको छहरेखोला र नौ किलोवाट क्षमताको छर्छरेखोला लघु जलविद्युत् आयोजना दुई वर्षअघि गाउँमा केन्द्रीय प्रशारण लाइन विस्तार भएपछि त्यत्तिकै थन्किएको छ। मर्मतको अभाव र कम क्षमता हुने भए पनि स्थानीयले मर्मतमा बेवास्ता गरेका हुन्। तत्कालीन जिल्ला विकास समिति ऊर्जा शाखाका प्रमुख मञ्जु शिलाकारका अनुसार मर्मतका लागि बजेट अभाव भएको बताउनुभयो। उहाँले मर्मत गरेपछि लामो समयसम्म काम गर्न छाडेपछि स्थानीयले यसमा बेवास्ता गरेका हुन्। शिलाकारले गाउँमा उत्पादन गरिएको बिजुली सस्तो भए पनि केन्द्रीय लाइन आएपछि उपभोक्ताबाटै यसप्रति बेवास्ता हुँदै गएको बताउनुभयो।

पछिल्लो समय स्थानीय तहले उक्त लघुविद्युत् मर्मत गर्न बजेट विनियोजन गरेका छैनन्। स्थानीयवासीको सक्रियता कम हुँदा केन्द्रीय लाइनसँगै गाउँमा सञ्चालित आयोजना बन्द हुँदै गएको बाच्छाका भीमबहादुर खड्काले बताउनुभयो। जिल्लाका ११ लघु जलविद्युत् आयोजनाबाट एक सय ५६ दशमलव पाँच किलोवाट विद्युत् उत्पादन भएको थियो। त्यसबाट एक हजार चार सय तीन घरधुरीका नौ हजार बासिन्दा लाभान्वित भएका छन्। "२५ वाट क्षमताको बल्ब महिनाभर चलाएको रु २५ तिरे पुग्थ्यो", तत्कालीन ऊर्जा अधिकृत शिलाकारले भन्नुभयो, "केन्द्रीय लाइनभन्दा लघु जलविद्युत्बाट उत्पादित बिजुली सस्तो भए पनि ग्रामीण बासिन्दाले यसलाई बेवास्ता गर्न थालेका छन्।"

युएनडिपी, विश्व बैंक र नेपाल सरकारको लगानीमा विसं २०५५ देखि सञ्चालनमा रहेका यि आयोजना अहिले भग्वानशेष बनेका छन्। ११ आयोजनाको लागि रु दुई करोड २५ लाख खर्चिए पनि केन्द्रीय प्रसारणको विस्तार, स्थानीय तह र उपभोक्ताको बेवास्ता तथा मर्मत अभावले लोप हुने अवस्थामा पुगेका हुन्।

# पर्यटकको रोजाइमा कास्की सिक्लेसको कफुचे हिमताल

**–वासुदेव पौडेल**
**पोखरा, ११ भदौं (रासस)**

कास्कीको मादी गाउँपालिका-१ मा पर्ने कफुचे हिमताललाई विश्वकै कम उचाइमा रहेको दावी गरिएको छ। समुद्री सतहबाट दुई हजार चार सय ५० मिटर उचाइमा रहेको यो ताल पछिल्ला वर्षमा पर्यटकको रोजाइमा पर्न थालेको छ। पर्यटकीय नगरी पोखराबाट नजिकै रहेको कला संस्कृतिले भरिपूर्ण गुरुङ गाउँ सिक्लेसबाट एक दिनको पदयात्रामा पुग्न सकिने भएका कारण पनि यो पछिल्लो समय चासो र चर्चामा छ।

तालको महिमा र गरिमालाई स्वदेशी एवं विदेशी पर्यटक माझ पुऱ्याउँदै यसको प्रवर्द्धन गर्ने लक्ष्यका साथ मादी गाउँपालिकाले यसको प्रवर्द्धनलाई जोड दिएको वडा नं १ का वडा अध्यक्ष देवीजंग गुरुङले बताउनुभयो। सिक्लेसबाट कफुचेसम्म पुग्ने पैदलमार्गलाई व्यवस्थित गर्नेतर्फ आफूहरूको चासो र सक्रियता बढेको उहाँले बताउनुभयो।

हराउँदै गएको घोडचढी संस्कृतिको जगेर्नालाई लक्षित गरी गाउँपालिकाले सिक्लेसबाट कफुचेसम्मका लागि अनुदानमा घोडा खरिद गर्ने गरी कार्यक्रम अघि सारेको उहाँले बताउनुभयो। उक्त क्षेत्रमा घोडचढी व्यवसाय सञ्चालन गर्न चाहनेले ५० प्रतिशत अनुदानमा घोडा खरिद गर्न पाउँछन्। "गाउँपालिकाले अफ्नो नीति तथा कार्यक्रममा उक्त अनुदानको कार्यक्रमलाई समेटेको छ", वडाध्यक्ष गुरुङले बताउनुभयो, "यो सँगै स्थानीयको रोजगारी प्रवर्द्धन एवं सिक्लेस र कफुचेबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने छ।" अन्नपूर्ण दोस्रो र चौथो हिमालको बीचबाट आएको हिमपहिरो पग्लिएर बनेको सो तालमा पुग्ने जो कोही त्यहाँको सुन्दर दृश्यबाट लोभिने गरेका छन्। लगभग एक हजार दुई सय वर्गमिटरमा फैलिएको तालको नीलो कञ्चन पानी मनमोहक छ। पछिल्ला वर्षमा उक्त क्षेत्रमा स्वदेशी एवं विदेशी पर्यटकको आगमन वर्षेनी बढ्दै गएको छ।

ताल कहिले बन्यो भन्ने यकिन तथ्य नभए पनि अन्नपूर्ण दोस्रो र चौथो हिमालको बीचबाट कुनै समयमा हिमपहिरो आएर सो ताल बनेको अनुमान गरिन्छ। उक्त क्षेत्रमा पहिले पहिले विभिन्न भेडी गोठ रहेपनि अहिले भने छैनन्। कफुचे नामाकरण सम्बन्धमा स्थानीयको आफ्नै तर्क छ।

स्थानीय गुरुङ भाषामा 'क' भनेको हिउँको थुप्रो, 'फु' भनेको पग्लनु र 'चे' भनेको समथर ताल हो। हिउँ पग्लेर बनेको हुनाले यसताललाई 'कफुचे' भन्ने गरिएको बताइन्छ। स्थानीयका अनुसार करिब डेढ दशकअघिसम्म हिउँको थुप्रो रहेको सो स्थानबाट नै आवतजावत गर्न सकिन्थ्यो। पछिल्ला समयमा वर्षेनी बढ्दै गएको जलवायु परिर्वतको असरका कारण हिउँ पग्लेर ताल बनेको स्थानीयवासीको तर्क छ। स्वदेशी तथा विदेशी पर्यटकको प्रमुख गन्तव्य बन्न सक्ने कफुचे हिमतालसम्म पुग्नका लागि बाटोलगायत पूर्वाधारलाई राज्यले प्राथमिकता दिनुपर्ने सिक्लेस-कफुचे मार्गस्थित हुँगुमा होटेल आइसफल चलाउँदै आउनुभएका पर्यटन व्यवसायी कृष्ण गुरुङले बताउनुभयो।

सिक्लेस-कफुचे मार्गमा पर्ने हुँगु यस क्षेत्रको प्राचीन भेडी गोठ रहने क्षेत्र हो। कफुचेको यात्राका क्रममा सिक्लेसबाट राम्रो हिँड्न सक्नेहरू लगभग साढे तीन घण्टामा हुँगु पुग्न सक्छन्। हिड्न नसक्नेका लागि भने चारदेखि पाँच घण्टासम्म लाग्ने गर्दछ। हुँगु पुगेका पर्यटक हिँड्न सक्ने एक घण्टामा कफुचे पुगे पनि नसक्नेका लागि डेढ दुई घण्टासम्म लाग्ने गर्दछ। आज भन्दा डेढ दशक अघिसम्म १०/१५ वटासम्म भेडी गोठ रहेको हुँगुमा अहिले भने त्यस्ता गोठ छैनन्। तीन वर्ष अघिसम्म स्थानीय मेजा गुरुङले भेडी गोठ सञ्चालन गर्दै आए पनि उहाँले पनि तीन वर्षयता भेडी गोठ छोडेर होटेल व्यवसाय गर्न लाग्नुभएको छ। सिक्लेस हुँदै कफुचेसम्मको पदयात्रा प्रवर्द्धन गर्न सकेमा ठूलो सङ्ख्यामा स्वदेशी एवं विदेशी पर्यटक भित्र्याउन सकिने बताउँदै गुरुङले पदयात्रा मार्गलाई भने व्यवस्थित गर्नु जरुरी रहेको बताउनुभयो। कतिपय स्थानमा बाटो अप्ठ्यारो भएका कारण यसतर्फ राज्यले ध्यान पुऱ्याउनुपर्ने उहाँको भनाइ छ।

पोखराबाट छोटो दुरीमा रहेको कफुचे हिमतालसम्मको पदयात्रालाई प्रवर्द्धन गर्नु आवश्यक रहेको ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय संघका प्रथम उपाध्यक्ष धर्म पन्थीले बताउनुभयो। "जथाभाबी बाटो खन्ने नाममा पदयात्रा मार्गहरू मासिँदै गएका अवस्थामा सिक्लेसदेखि कफुचेसम्मको पदमार्गलाई व्यवस्थित गरिनु आवश्यक छ", उहाँले भन्नुभयो, "छोटो दुरीमा रहेको यस हिमतालसम्मको पदमार्गलाई पर्यटन बजारमा चिनाउन सकेमा यस क्षेत्रको पर्यटकीय विकासमा थप टेवा पुग्ने देखिन्छ।"

# सिक्स ए.एम. ले मनायो तिज



**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौं**

पोखरा महानगरपालिका वडा नं. २७ मा रहेको श्री कृष्ण प्रणामी मन्दिर वृद्ध तथा बाल आश्रममा फुटबल टिम सिक्स ए.एम.ले दर खुवाएर तिज मनाएको छ।

पोखरा महानगरपालिका वडा नं. १० मिलन टोलमा विगत १० वर्ष अगाडी बाट स्वास्थ्यका लागि खेलकुद भन्ने मुल नाराका साथ स्थापना भएको सिक्स ए.एम. क्लवले हिन्दुनारीहरूको महान पर्व हरितालिका तिज तथा बाबुको मुख हेर्ने दिन पारेर वृद्ध तथा बाल बालिकाहरुलाई दर खुवाउने कार्यक्रम सम्मान गरेको छ।

खेलकुदका सँग सगै सामाजिक कार्यमा समेत यूवाहरुको भुमिका महत्वपूर्ण हुने साथै यूवाहरुमा पनि वृद्ध प्रति सकारातमक सोच र व्यवहारको विकास गराउन यस किसिमको कार्यक्रमले महत्वपूर्ण भुमिका निर्वाह गर्ने क्लवका अध्यक्ष दिपेन्द्रप्रताप चन्द्रले बताएका थिए।

# कोभिड संक्रमण घट्दो क्रममा

**रासस**
**काठमाडौं, ११ भदौं**

यो साता कोभिड-१९ सङ्क्रमण क्रमशः घट्दो क्रममा रहेको तथ्याङ्कले देखाएको छ।

यो महिनामा सबैभन्दा बढी सङ्क्रमण भदौ १ गते देखिएको थियो। त्यसदिन आठ सय ५२ सङ्क्रमित भेटिएका थिए। त्यसपछिका दिनमा क्रमशः घट्दै गएकामा भदौ ६ गते एक्कासि बढेर छ सय ५८ सङ्क्रमित फेला परेका थिए। भदौ ७ गतेपछि भने सङ्क्रमण पुनः घट्दो क्रममा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा सार्वजनिक विवरणमा उल्लेख छ। प्राप्त विवरणअनुसार भदौ ७ गते छ सय ३४, ८ गते चार सय ८७, ९ गते चार सय ४४ र १० गते तीन सय २४ मा सङ्क्रमण देखिएकामा शनिबार सङ्क्रमण घटेर एक सय ७३ मा झरेको छ।

# ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०७९/०५/१२)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०७९/०४/०९ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|
| ● जंग बहादुर सार्कीको बुहारी लाल बहादुर सार्कीको श्रीमती तनहुँ जिल्ला व्यास न.पा वडा नं. १० बस्ने<br>**ऋणी : विकला सार्की**<br>● महाविरे सार्कीको नाती जंग बहादुर सार्कीको छोरा तनहुँ जिल्ला व्यास न.पा वडा नं. ०२ बस्ने<br>**धनजमानत : लाल बहादुर सार्की** | **विकला सार्की**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स. वडा नं. ८/क कित्ता नं. ५६४ को क्षेत्रफल ०-१३-०-० को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
ROYAL

**प्रधान कार्यालय : पोखरा-१०, बुद्धचोक, कास्की**
**फोन नं. : ०६१-५३८८३३**